# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७)  काठमाडौं,  पुस ३ गते, २०७४ साल  (संख्या ४४

## भाग ५

### नेपाल सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक मेहलकुना, सहारे एवम् धारापानी गाउँ विकास समिति हाल गुर्भाकोट नगरपालिका अन्तर्गतको शुरु नापी नक्सा हुँदा नक्सा र फिल्डबुक समेत तयार भई दर्ता बाँकी रहेका जग्गाको जग्गा दर्ता समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस आदेशको नाम "सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेहलकुना, सहारे एवम् धारापानी गाउँ विकास समिति हाल गुर्भाकोट नगरपालिका अन्तर्गतको जग्गा दर्ता समिति गठन आदेश, २०७४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषा**</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) **"समिति"** भन्नाले दफा ३ बमोजिम सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक मेहलकुना, सहारे एवम् धारापानी गाउँ विकास समिति हाल गुर्भाकोट नगरपालिका अन्तर्गतको जग्गा दर्ताको लागि गठित समिति सम्झनु पर्छ ।

(ख) **"जग्गा दर्ता"** भन्नाले सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक मेहलकुना, सहारे एवम् धारापानी गाउँ विकास समिति हाल गुर्भाकोट नगरपालिका अन्तर्गतको जग्गा दर्ता समितिको जग्गा दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

३. <u>**समितिको गठन**</u> : (१) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुर्खेत - अध्यक्ष

(ख) प्रमुख, भेरीगंगा नगरपालिका, सुर्खेत (आफ्नो क्षेत्रको जग्गाको हकमा) - सदस्य

(ग) प्रमुख, गुर्भाकोट नगरपालिका सुर्खेत (आफ्नो क्षेत्रको जग्गाको हकमा) - सदस्य

(घ) प्रमुख, जिल्ला वन कार्यालय, सुर्खेत - सदस्य

(ङ) प्रमुख, नापी कार्यालय, सुर्खेत - सदस्य

(च) प्रमुख, मालपोत कार्यालय मेहलकुना, सुर्खेत - सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य सहित कम्तीमा तीनजना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : (१) सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक मेहलकुना, सहारे एवम् धारापानी गाउँ विकास समिति हाल गुर्भाकोट नगरपालिका अन्तर्गतको जग्गा दर्ता समितिको कार्य क्षेत्रको शुरु नापीमा नक्सा र फिल्डबुक तयार भई जग्गा दर्ता गर्न बाँकी रहेको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्नु समितिको प्रमुख काम, कर्तव्य र अधिकार हुनेछ।

(२) समितिले उपदफा (१) बमोजिमको कार्य गर्दा देहाय बमोजिमका प्रकृया अबलम्बन गर्नु पर्नेछः-

(क) मिति २०७२/०६/२५ मा नेपाल राजपत्रमा प्रकाशित "सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक मेहलकुना सहारे एवम् धारापानी गाउँ विकास समिति अन्तर्गतको जग्गा दर्ता समिति गठन आदेश, २०७२" मा उल्लिखित म्यादभित्र पूरा हुन नसकेका बाँकी कार्य फर्छ्यौट गर्ने,

(ख) खण्ड (क) बमोजिम फर्छ्यौट हुन बाँकी रहेका निवेदन उपर दफा ५ बमोजिमका प्रमाणको सङ्कलन, छानविन गर्ने,

(ग) सङ्कलित प्रमाण र भोगको आधारमा निवेदकको नाममा जग्गा दर्ता हुने भनी यकीन भएका जग्गाहरु त्यस्ता व्यक्तिका नाममा दर्ता गर्न निर्णय गर्ने,

(घ) शुरु नापीमा नक्सा र फिल्डबुक तयार भई जग्गा दर्ता गर्न बाँकी रहेको जग्गा दर्ता गर्दा एक व्यक्तिको नाममा नाप नक्सा भई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नाप नक्सा भएको व्यक्तिले भोग चलन नगरी अन्य व्यक्तिले भोग चलन गरी आएको भएमा फिल्डबुकमा उल्लिखित व्यक्तिका सम्बन्धमा कागज प्रमाणहरु समेत बुझी भोगवालाको नाममा जग्गा दर्ता गर्ने,

(ङ) जग्गा दर्ताको निर्णय गर्दा विवाहित जग्गाधनीको हकमा पति-पत्नी दुवैको संयुक्त नाममा श्रेस्ता र पुर्जा कायम गर्ने,

(च) जग्गा दर्ता गर्ने निर्णय भएको जग्गाको मालपोत कार्यालय मेहलकुना, सुर्खेतले जग्गाको रजिष्ट्रेशन प्रयोजनका लागि कायम गरेको मूल्याङ्कनको दश प्रतिशतका दरले हुने रकम मालपोत कार्यालय मेहलकुना, सुर्खेत मार्फत दाखिला गराउने र दर्ता भएको जग्गाको जग्गा नाप जाँच भएको समय देखि चालू आर्थिक वर्ष सम्मको मालपोत रकम सम्बन्धित स्थानीय तहमा दाखिला गर्न पठाउने ।

५. **कार्यविधिः** (१) समितिले दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम फर्छ्यौट हुन बाँकी रहेका निवेदन सम्बन्धमा कारबाही गर्दा देहायका कागज प्रमाण संलग्न रहे नरहेको जाँचबुझ गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जग्गा रहेको स्थानीय तहको भोग यकीन गरेको र जग्गा दर्ता गरी दिने भन्ने सिफारिस,

(ग) भोगचलन, तिरोभरो गरेको कागज प्रमाण भए सो प्रमाण,

(घ) फिल्डबुक (क्षेत्रीय किताब) उतार, नक्सा,

(ङ) अन्य कागज प्रमाणहरु ।

(२) समितिले देहायका कार्यविधि पूरा गर्नु पर्नेछः-

(क) स्थानीय पत्रिका समेतमा पैंतीस दिनको हकदावीको सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) समितिमा खटिएका कर्मचारी मार्फत साँध सँधियार, स्थानीय तहको प्रतिनिधिको रोहवरमा भोग खुल्ने गरी स्थलगत सर्जमिन मुचुल्का गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जग्गा भोग चलन गरेको आधार र प्रमाण बुझ्ने,

(घ) दाबी उजुरी परे छानविन एवम् प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने ।

६. **समितिको कार्यालय** : समितिको कार्यालय मालपोत कार्यालय मेहलकुना, सुर्खेतमा रहनेछ ।

७. **समितिको कार्यक्षेत्र** : सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगंगा नगरपालिका र साविक मेहलकुना, सहारे एवम् धारापानी गाउँ विकास समिति हाल गुर्भाकोट नगरपालिका अन्तर्गतको जग्गा दर्ता समितिको कार्य क्षेत्र हुनेछ ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिलाई आवश्यक पर्ने अनसूची-१ बमोजिमका कर्मचारीहरु मालपोत कार्यालय मेहलकुना र नापी कार्यालय मेहलकुनाबाट समितिको कार्य अवधिभरका लागि काजमा उपलब्ध गराउनु पर्नेछ ।

९. **पारिश्रमिक, भत्ता तथा बैठक भत्ता** : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित सदस्यले प्रति बैठक एक हजार रुपैंयाका दरले बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतका दरले मासिक रुपमा भत्ता पाउनेछन् ।

१०. **बजेट सम्बन्धी व्यवस्था** : समितिको लागि आवश्यक पर्ने अनसूची-२ बमोजिमको बजेट दशलाख रुपैंया अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।

११. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः** (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य सदस्य-सचिवले गर्नेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण-पूर्जा तयार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाण-पूर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय मेहलकुना, सुर्खेतले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय मेहलकुना, सुर्खेत वा नापी कार्यालय मेहलकुना, सुर्खेतमा र जिन्सी सामानहरु मालपोत कार्यालय मेहलकुना, सुर्खेतमा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

१२. **समितिको कार्यावधि** : समितिको कार्यावधि नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिले १ (एक) वर्षसम्म हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची -१

**(दफा ८ सँग सम्बन्धित)**

**कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था**

| सि.नं. | कर्मचारीको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ना.सु. (रा.प.अनं. प्रथम) | २ | मालपोत कार्यालय, मेहलकुनाबाट |
| २ | खरिदार (रा.प.अनं. द्वितीय) | १ | मालपोत कार्यालय, मेहलकुनाबाट |
| ३ | सर्भेक्षक (रा.प.अनं. प्रथम) | १ | नापी कार्यालय, मेहलकुनाबाट |
| ४ | कार्यालय सहयोगी (श्रेणी विहीन, जंजिदार समेत) | २ | मालपोत कार्यालय, मेहलकुनाबाट-१ नापी कार्यालय, मेहलकुनाबाट-१ |
| | **जम्मा** | **६** | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -२

**(दफा १० सँग सम्बन्धित)**

**बजेट**

| सि.नं. | बजेट शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | भत्ता | ८,५०,०००/- | समितिको बैठक भत्ता र कर्मचारी भत्ता |
| २ | कार्यालय सम्बन्धी खर्च | ५०,०००/- | समितिको लागि आवश्यक पर्ने कार्यालय खर्च |
| ३ | केन्द्रीय अनुगमन | ५०,०००/- | मन्त्रालयबाट हुने निरीक्षण तथा अनुगमन कार्यको लागि |
| ४ | विविध | ५०,०००/- | बैठकको लागि चिया/खाजा र स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | **जम्मा** | **१०,००,०००/-** | |

**आज्ञाले,**
**शम्भु कोइराला**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।